# पहेँलो गुलाफ कथामा बीभत्स रस

❋ **माया अर्याल उपाध्याय**
**upadhyayamaya217@gmail.com**

**अध्ययनसार**

प्रस्तुत अध्ययन प्रेमा शाहको 'पहेँलो गुलाफ' कथामा प्रयुक्त बीभत्स रस मूल समस्या केन्द्रित रहेको छ। मूल समस्याको समाधानका लागि 'पहेँलो गुलाफ' कथामा बीभत्स रसको प्रयोग केकस्तो रहेको छ भन्ने प्राज्ञिक समस्या निर्धारण गरिएको छ भने सोही समस्याको समाधान गर्नु प्रस्तुत अध्ययनको उद्देश्य रहेको छ। सामग्री विश्लेषणका लागि पाठविश्लेषण केन्द्री गुणात्मक अनुसन्धान ढाँचालाई उपयोग गर्दै अध्ययनको पूर्णताका लागि रससूत्रलाई सैद्धान्तिक पर्याधारका रूपमा उपयोग गरी निष्कर्षमा पुग्नका लागि विश्लेषणत्मक विधि अवलम्बन गरिएको छ । रस सिद्धान्तका आधारमा भरतमुनिले स्थापना गरेको 'विभावानुभावव्यभिचारिसंयोगाद्रनिष्पत्ति' रहेको छ। प्रस्तुत रससूत्रले विभाव, अनुभाव र व्यभिचारिभावको संयोगबाट रसनिष्पत्ति अर्थात् रस निर्माण हुने आधार प्रस्तुत गरेको छ। उपर्युक्त रससूत्रका आधारमा विभाव, अनुभाव र व्यभिचारि/सञ्चारी भावले मानव मनमा सुषुप्तावस्थामा विद्यमान रहेको स्थायी भावलाई जागृत गराई रसानुभूति गराउँछ भन्ने पक्षको सैद्धान्तिक आधार निर्माण गर्दछ। कथामा अवस्थित बीभत्स रसलाई पृष्ठपोषण गर्ने सन्दर्भमा घृणा तथा जुगुप्सा स्थायी भावका रूपमा रहने बीभत्स रसमा विभावादि अनुकार्यका रूपमा घृणा जगाउने सडेगलेको मासु, रगतको पोखरी जस्ता वस्तु आलम्वन विभावका रूपमा रहेका छन् भने उद्दीपन विभावका रूपमा सडेको मासुमा कीरा पर्नु, रगतकजन्य अवस्थाका दृश्य वा वस्तुहरू रहेका छन्। कथामा विभिन्न सन्दर्भमा आएका विभावादिको उपस्थितिले बीभत्स रसलाई फलागम अर्थात् मूलभाव स्थापित गर्ने प्रयोजन लिएका छन्। प्रस्तुत कथाको भाव संयोजनका लागि परस्पर विभावादिको प्रयोग उचित रूपमा भएको छ। प्रस्तुत विभावादिको प्रयोगले प्रेमा शाहको 'पहेँलो गुलाफ' कथामा प्रयुक्त बीभत्स रसलाई विकसित अवस्थामा पुऱ्याउन उचित व्यवस्थापन गर्न सकेको देखिन्छ।

**प्रमुख शब्दावली** : अनुभाव, निष्पत्ति, बीभत्स रस, विभाव, व्यभिचारी भाव।

**विषयपरिचय**

प्रस्तुत अध्ययन प्रेमा शाह (२००२-२०७४) को 'पहेँलो गुलाफ' कथामा प्रयुक्त बीभत्स रसको विश्लेषण र मूल्याङ्कन गर्नु रहेको छ। बीभत्स रस भनेको मन नपर्ने वस्तुहरूलाई देखेर उत्पन्न हुने रस हो (भरत, २०७७,पृ.१४२)। यसमा शरीरका अङ्ग (नाक, मुख) खुम्च्याउनु, नाक थुन्नु, लरखराएका पाउ उठाउनु तथा टक्टक्याउनु जस्ता अनुभावबाट गरिने अभिनयको महत्त्वपूर्ण भूमिका रहन्छ। आफूलाई रुचि नभएको वस्तु देख्दा उत्पन्न हुने भाव यसको विभावका रूपमा रहेको हुन्छ। लैङ्गिक शोषणप्रतिको प्रतिरोधी चेतना र यौन मनोविज्ञानलाई आधार बनाएर कथाकारले प्रस्तुत कथाको सिर्जना गरेको प्रस्ट हुन्छ। प्रस्तुत अध्ययन 'पहेँलो गुलाफ' कथामा बीभत्स रस मूल समस्यामा केन्द्रित रहेको छ। उक्त समस्याको समाधानका लागि 'पहेँलो गुलाफ' कथामा बीभत्स रसको पहिचान तथा विश्लेषण गर्नु मुख्य उद्देश्य रहेको छ।

प्रस्तुत कथा प्रेमा शाह (२००२-२०७४) का पहेँलो गुलाफ संयुक्त सङ्ग्रह २०७७ मा सङ्ग्रहित यस सङ्ग्रहको पहिलो कथा हो। प्रस्तुत कथामा क्षयरोगले ग्रस्त पत्नीप्रति लोग्नेको निरन्तर यौनिक तिर्खालाई अभिव्यक्त गरिएको छ। यस्तो यौन विसङ्गतिलाई पहेँलो गुलाफमा लागिरहने भुसिल्किराको उपमा दिएर कथाकारले कथावस्तुलाई प्रतिकात्मक रूपमा प्रस्तुत गरेकी छन्। प्रेमा शाह नारी अस्तित्व सँगसँगै आधुनिक यौन मनोवैज्ञिक कथाकारका रूपमा परिचित नाम हो। उनका कथामा यौन विसङ्गतिका विविध सन्दर्भहरूलाई कलात्मक रूप प्रदान गरी यौनमनोविश्लेषणको सफल प्रस्तुति गरेको देख्न सकिन्छ। उनका प्रकाशित कथाहरूलाई हेर्दा 'पहेँलो गुलाफ' कथा पृथक् पहिचान बनाउन सफल कथा हो। यस कथामा नारी 'म' पात्रको पीडामूलक यौन अनुभूतिलाई प्रत्येक दिनको डायरीका रूपमा प्रस्तुत गरी नारी अस्तितत्वको खोजी गरिएको छ। 'पहेँलो गुलाफ' नारी अस्तित्वसँग अन्तगर्भित भएर आएको यौनमनोविश्लेषणवादी कथाको प्रतिनिधित्व गर्ने सशक्त कथा हो। यस कथा कृतिका बारेमा शाहको साहित्यिक व्यक्तित्व तथा कथाको चर्चापरिचर्चाका क्रममा अध्ययन, अनुसन्धान भएका छन्। यसै क्रममा 'पहेँलो गुलाफ' कथामा नारी शरीरप्रतिको राजनीति (एटम, सन् २०२२) तथा 'पहेँलो गुलाफ'मा यौन मनोविज्ञान (तिमिल्सिना, २०८१, साहित्य पोस्ट) लगायतका अध्ययनहरू भए पनि प्रस्तुत अध्ययनमा 'पहेँलो गुलाफ' कथाका बीभत्स रसका आधारमा रहेको रिक्तता पूरा

❋ **लेखक अनुसन्धानका क्षेत्रमा सक्रिय व्यक्तित्व हुन्।**

गर्नु उचित ठहरिन्छ । पूर्वीय रसका विविध प्रकार भए पनि प्रस्तुत अध्ययनमा बीभत्स रसको पहिचान गरिएको छ ।

प्रस्तुत अध्ययका निम्ति निर्धारित उद्देश्यहरू पूरा गर्न पुस्तकालयीय कार्यबाट सामग्री सङ्कलन गरिएको छ । 'पहेँलो गुलाफ' कथाका बीभत्स रसको अध्ययन र विश्लेषण गर्न अवश्यक सामग्रीको सङ्कलनका लागि प्राथमिक र द्वितीयक स्रोतको प्रयोग गरिएको छ । प्राथमिक सामग्रीका रूपमा 'पहेँलो गुलाफ' कथालाई लिइएको छ भने द्वितीयक सामग्रीका रूपमा बीभत्स रससँग सम्बन्धित विभिन्न सैद्धान्तिक सामग्रीहरूको प्रयोग गरिएको छ । यी प्राथमिक र द्वितीयक सामग्रीहरूको सङ्कलन पुस्तकालयीय विधिबाट गरिएको छ । उपर्युक्त दुवै प्रकारका सामग्रीको समुचित प्रयोग गरी 'पहेँलो गुलाफ' कथामा अर्न्तनिहित बीभत्स रससँग सम्बन्धित प्रसङ्गहरूको उद्घाटन गर्न विश्लेषणको एउटा ढाँचा तयार पारिएको छ । सामग्रीको सङ्कलन निगमनात्मक विधिबाट गरिएको छ । जसलाई व्यवस्थापन गर्दै त्यसको अर्थापन गरिएको छ ।

**सैद्धान्तिक पर्याधार**

संस्कृत काव्यचिन्तन परम्परामा साहित्यको परिभाषीकरण र यसका आधारभूत अभिलक्षण निर्माण तथा निर्धारण गर्ने क्रममा भरतमुनिको नाम अग्रस्थानमा आउँछ । भरतमुनिको नाट्यशास्त्र साहित्यको वर्गीकरण गर्ने र परिभाषीकरण गर्ने पहिलो काव्यचिन्तन भएको ग्रन्थ हो । नाट्यशास्त्रमा साहित्यका अभिलक्षणको निर्माण गर्ने क्रममा प्रमुख नाटकीय तत्त्वका स्थानमा रससिद्धान्तको चर्चा भएको पाइन्छ । यसरी भरतले निर्माण गरेको रससूत्रको व्याख्यासँगै परवर्ती विद्वान्ले अघिसारेका रससम्बन्धी विविध मान्यता र रस सिद्धान्तको विकासका विभिन्न चरणअन्तर्गत स्वयम् भरतले स्थापना गरेको रससूत्रको व्याख्या, इसाको छैठौँ शताब्दीका भामह हुँदै सत्रौँ शताब्दीका जगन्नाथसम्म बिस्तारित रहेको छ । नेपाली साहित्य र समालोचनाका संस्कृत काव्यचिन्तन परम्परामा विद्यमान रससूत्र र त्यसको व्याख्याका क्रममा आएका मतमतान्तरहरू नै रससिद्धान्तको मानकका रूपमा स्थापित रहेका छन् । पूर्वीय साहित्य सिद्धान्तको नेपाली परम्परामा अभिनव गुप्तको अभिव्यक्तिवादी मान्यताका आधारमा निर्धारित रहेको यस अध्ययनमा भरतले स्थापना गरेको रससूत्रलाई प्रस्तुत अध्ययनको आधार बनाइएको छ । उपर्युक्त सामग्रीमा रहेका सैद्धान्तिक सामग्रीका आधारमा 'पहेँलो गुलाफ' कथाको व्याख्या तथा विश्लेषण गरी निष्कर्षमा पुगिएको छ ।

काव्यका विभिन्न सिद्धान्तहरूमध्ये रस सिद्धान्त पनि एउटा महत्त्वपूर्ण सिद्धान्त मानिन्छ । यसले काव्यको आस्वादनीय पक्षको विश्लेषण गर्दछ । पूर्वीय काव्यशास्त्रमा काव्यको आस्वादका रूपमा रसलाई लिइएको छ । काव्यास्वादका रूपमा रहेको रस निर्माण लागि विभिन्न रस सामग्रीहरूको आवश्यक पर्दछ । 'विभावानुभावव्यभिचारिसंयोगाद्रसनिष्पत्तिः' (भरत, सन् १९८४) अर्थात् विभाव, अनुभाव र व्यभिचारी/सञ्चारीभावको संयोगबाट रस निष्पत्ति हुन्छ । भरतका अनुसार विभाव, अनुभाव र व्यभिचारी भावलाई सामग्रीका रूपमा लिइएको पाइन्छ । मानव कल्पनाको सुन्दर अभिव्यक्तिका रूपमा साहित्यलाई लिए पनि साहित्य प्रकृति, लेखक बाँचेको समाज, उसको इतिहास, परिवेश (वातावरण) तथा स्वयम् लेखकको मनोवृत्तिको सुन्दर अभिव्यक्ति रूपमा रहेको हुन्छ । जसलाई विभाव, अनुभाव र व्यभिचारी जस्ता सामग्रीहरूले रस निष्पत्तिमा सहयोग गरेका हुन्छन् ।

बीभत्स रसमा जुगुप्सा (घिन) स्थायी भाव, मन नपर्ने द्विजातिका निम्ति मदिरा, लसुन आदि अप्रिय रछ्याने लागेका मानिसका निम्ति दुग्ध आदि जस्तो (स्वभावले निर्दोष छ तापनि आत्मदोषले दोषी जस्तो) अनिष्ट (सुनिएको वा देखिएको कुहेको मुर्दा, बिष्टा आदिमा कीरा परेको) दुर्गन्धी चिज आलम्बन, त्यसमा कीरा परेर सलबलाउनु, गनाउनु, त्यस्तै गिद्ध आदिले लुछेको देख्नु आदि उद्दीपन, त्यो देखेर सर्वाङ्ग खुम्च्याउनु, मुख बङ्ग्याउनु, थुक्नु, शरीर जुरुङ्ग पार्नु, नाक, मुख थुन्नु आदि अनुभाव, अपस्मार (छारे रोग जस्तो घुप्लुक्क पर्नु), उद्वेग, मूर्च्छा, व्याधि, मोह, मरण आदि व्यभिचारिभाव भई जुगुप्सा स्थायी भाव बीभत्स रस बनी अभिव्यक्त हुन्छ (भट्टराई, २०७७, पृ.१४९) । यसरी हेर्दा स्थायी भाव जुगुप्सा अरुचिपूर्ण वस्तु वा चिज देख्दा उत्पन्न हुने भावको अतिशयतालाई नै बीभत्स रस मानिएको छ । जसको विभावका रूपमा दुर्गन्धी अर्थात् कीरा परेको मासु तथा कुनै पनि चिज रहेका छन् भने व्यभिचारी भावमा रूपमा मुर्छा पर्नु, व्याधि, मरण जस्ता कुराहरू पर्दछन् र दुर्गन्धित वस्तुलाई देखेर थुक्नु, नाक, मुख खुम्च्याउनु, नाक, मुख थुन्नु जस्ता क्रियाकलापहरू अनुभावको रूपमा आएका हुन्छन् ।

मन नपर्ने वस्तुलाई देख्दा उत्पन्न हुने भाव बीभत्स रस हो । यसको विभावका रूपमा कुनै पनि अरुचिकर वस्तु हुन् (गड्तौला,२०७१, ५३) । रुचि नभएको घृणित वस्तु देख्दा उत्पन्न हुने भाव बीभत्स रस हो । बीभत्स रसको स्थायी भाव जुगुप्सा वा घृणा हो । घृणा जगाउने सडेगलेको मासु, रगतको पोखरी जस्ता वस्तु आलम्वन विभाव हुन् । यसका उद्दीपन विभावका रूपमा सडेको मासुमा कीरा पर्नु जस्ता दृश्य वा वस्तु हुन्छ । अनुभावका रूपमा आँखा चिम्लिनु, थुक्नु, मुख बङ्ग्याउनु, नाक थुन्नु आदि पर्दछन् भने सञ्चारी वा व्यभिचारी भावका रूपमा मूर्च्छा, आवेग, व्याधि, जडता, ग्लानि, निर्वेद आदि पर्दछन् ।

भट्टलोल्लटले रस विभावद्वारा उत्पन्न, अनुभावद्वारा प्रतीति या अनुभवयोग्य र व्यभिचारिद्वारा परिपुष्ट हुन्छ। स्थायी भावलाई अनुपचित, अपरिपक्क या अपुष्ट अवस्थामा रहेको भाव त्यसलाई उपचित,परिपक्क या परिपुष्ट तुल्याउने काम विभावादिले गर्ने उनको मान्यता छ (लोल्लट, उद्धृतः पौडेल, २०५७, पृ.१६९) । रस विभावद्वारा उत्पन्न, अनुभावद्वारा प्रतीति, व्यभिचारीद्वारा परिपुष्ट हुने गर्छ जसलाई परिपुष्ट तल्याउने काम विभावादिले गर्छ भन्ने मान्यता भट्टलोल्लटको रहेको पाइन्छ।

कुनै पनि काव्य चित्रद्वारा माठकलाई प्राप्त हुने आनन्दलाई काव्यको भाषामा रसानुभूति भनिन्छ। अमूक काव्य या चित्र दर्शनद्वारा जुन आनन्द प्राप्त हुन्छ यहाँ रस शब्दबाट सोही आनन्द अभिप्रेरित हन्छ (दीक्षित, सन् १९९७, पृ.३३) । पाठक वा समाजले अमूक काव्य तथा चित्रद्वारा प्राप्त हुने आनन्द नै काव्यबाट प्राप्त रस हो । रसबिनाको काव्य विरसिलो हुन्छ। त्यसमा कुनै आनन्दानुभूति हुँदैन। जसले गर्दा काव्य वा चित्रले पाठकलाई आनन्दानुभूति गराउन सक्ने खालको हुनुपर्छ। काव्यमा रसको प्रयोग आदिम कालदेखि भएको मानिन्छ। साहित्य, कला र सङ्गीतको प्रारम्भ आदिम कालदेखि नै भएको देखिन्छ। जब आदिमकालको मानवले गुफाहरूमा चित्र लेख्न थाले, मुक्तकण्ठले गीत गाउन थाले। ...सभ्यताको उज्यालो सँगै चित्र, सङ्गीत र काव्यको क्षेत्रमा विकास हुँदै...काव्यमा अनेक अलङ्लकार, रस, उपमा, लक्षण सिद्धान्तहरू देखा पर्न थाले (वाङ्देल, २०३१, पृ.७)। मानव सभ्यताको आदिमकालमा मानवदेखि सुरु भएको साहित्य, कला तथा सङ्गीतले विभिन्न चरणहरू पार गर्दै विभिन्न नवीन सिद्धान्तहरू विकास गर्दै अगाडि बढेको छ। यसरी विकास भएका सिद्धान्तहरूमा अलङ्कार, रस, उपमा, लक्षण सिद्धान्त रहेका छन्।

रस साहित्यबाट आस्वाद हुने गर्छ। जसको प्राप्तिपछिको आनन्द अनिर्वचनिय हुने गर्छ। यसरी प्राप्त हुने रसलाई कुनै शब्द वा वचनमा व्यक्त गर्न सकिँदैन। हृदय र मस्तिष्कका परिधिभित्र उब्जने संवेदन विश्वका मनुष्यमात्रको एक नै हुन्छ।...त्यो शाश्वत र सर्वजनीन हुनाले नै साहित्यबाट प्राप्त हुने आनन्दलाई अनिवर्चनीय भनेर भनिएको हो (भट्टराय, चूडानाथ, २०३१, पृ. ८)। मानव हृदय र मस्तिष्कमा उब्जने भाव, विचार वा संवेदना संसारभरका मानव जातिको उस्तै हुन्छ। त्यसैले यो शाश्वत र सर्वजनीन रहेको छ। यसैकारण साहित्य पठन गर्दा हुने आनन्दलाई अनिर्वचनिए भनिएको छ। जसको कुनै शब्द वा वाक्यमा व्याख्या गर्न सकिँदैन। साहित्यमा अनुभूति, भावना प्रबल छ र त्यसमा कला पक्ष पनि बलियो छ भने विभावादिको साधारणीकरण सम्भव छ।

रस सिद्धान्तले रससूत्रका आधारमा दर्शक/पाठक/श्रोता/भावकले रसानुभूतिपश्चात् जागृत अर्थात् उद्दीप्त हुने विषयका रूपमा स्थायी भावको चर्चा गरेको पाइन्छ। मानव चित्तवृत्तिमा विद्यमान रहेका विविधतापूर्ण भावको अवस्था नै स्थायी भावका रूपमा रहने गर्दछ। संस्कृत काव्यचिन्तनले मानव चित्तवृत्तिमा विद्यमान् भावलाई स्थायी भावको रूपमा समर्थन गरेको छ। रस सिद्धान्तले मानव मस्तिष्कमा सुषुप्त अवस्थामा रहेका रति, भय, उत्साह, क्रोध, शोक, घृणा, विश्मय, हास्य र शम जस्ता भावलाई जगाउने काम गर्दछ भन्ने तथ्यलाई स्वीकार गरेको छ। यसका अतिरिक्त रससूत्रका व्याख्याता तथा विश्लेषणकर्ताहरूले वात्सल्य, भक्ति जस्ता भावहरू पनि स्थायी भावका रूपमा रहने तर्क अघि सारेका छन्। यसरी अघि सारे पनि वात्सल्य रसको परिपाकका रूपमा शृङ्गार रस तथा भक्ति स्थायी भाव शम अर्थात् शान्त रसको निकट रहने तथ्यलाई आधार मानी नौ प्रधान भावका आधारमा नौवटा रसको परिकल्पनाले गरेका छन्। रस सिद्धान्तले विभावादि अनुकर्ता तथा अनुभावादि अनुक्रियालाई सञ्चारी/व्यभिचारी भावको सञ्चरण प्रक्रियाका माध्यमबाट पाठक/दर्शक/श्रोता/भावकसम्म पुगेपछि रसानुभूति प्राप्त हुने विष्कर्ष निकालेको छ। प्रस्तुत अध्ययनमा उपर्युक्त सैद्धान्तिक पर्याधारका आधारमा प्रेमा शाह (२००२-२०७४) को 'पहेँलो गुलाफ' कथामा प्रयुक्त बीभत्स रसको विश्लेषण गरिएको छ।

प्रेमा शाहको 'पहेँलो गुलाफ' कथामा क्षय रोगले ग्रस्त 'म' पात्रको दैनन्दिन अवस्थालाई 'म' पात्रको श्रीमान् अर्थात् पुरुषले नारीप्रति गर्ने यौन शोषणको वास्तविक चित्रण कलात्मका रूपमा गहन प्रकटिकरण भएको छ। यस कथामा आएकी 'म' पात्र महिनौंदेखि अस्पतालमा भर्ना भएकी छन्। उनलाई क्षय रोगले ग्रस्त हुँदा पनि उनका श्रीमान्‌ले निरन्तर गरेको यौन शोषण 'म' पात्रले आफ्नो डायरीमा लेख्न कार्य गरेकी छन्। कथाकार प्रेमा शाहले 'म' पात्रको दैनन्दिन अवस्थालाई हेरेर 'पहेँलो गुलाफ' सँग तुलना गर्दै उक्त गुलाफमा लाग्ने भुसिलकीराको उपमा लोग्ने मान्छेलाई दिँदै उक्त पुरुषले गरेको व्यवहारलाई घृणा भावले हेरेकी छन्। खकारमा रगत मिसिएर आउदा पनि श्रीमान्‌ले गरेको व्यवहार, रगत र खकारले कटकटिएको रुमाल कोटको खल्टीमा भेटिनु, मुखबाट कालो रगत आउनु जस्ता भावले जुगुप्सा तथा घृणा भाव उत्पन्न भई बीभत्स रसलाई विकसित अवस्थामा पुऱ्याएका छन् । फोक्सोमा कीरा पर्नु, फोक्सो कुहिनु जस्ता उपमाले जुगुप्सा तथा घृणा भावलाई चरम उत्कर्षमा पुऱ्याएका छन्। अतः प्रेमा शाहको 'पहेँलो गुलाफ' कथामा अभिव्यञ्जित बीभत्स रसलाई केन्द्रमा राखेर बुँदागत विमर्श गरी निष्कर्षसम्म पुगिएको छ।

**बीभत्स रसका विभाव तत्त्वहरू**

बीभत्स रस वा घृणा तथा जुगुप्सा स्थायी भावका रूपमा रहने बीभत्स रसमा विभावादि अनुकार्यका रूपमा घृणा जगाउने सडेगलेको मासु, रगतको पोखरी जस्ता वस्तु आलम्वन विभावका रूपमा आउछन् । यसका उद्दीपन विभावका रूपमा सडेको मासुमा कीरा पर्नु, रगतको पोखरीजन्य अवस्थाका दृश्य वा वस्तुहरू रहेका छन् । प्रस्तुत कथामा थुकसित लतपतिएको रगत, कुहिएको फोक्सो, थुक र र्‍याल, फोहोरले कटकटिएको रुमाल जस्ता तत्त्व आलम्वन विभाव हुन भने फोक्सोका कीराहरू कोटभरि सल्बलाउनु, ओठबाट रगत र कीराहरू निस्किनु जस्ता तत्त्वहरू उद्दीपन विभावका रूपमा आएका छन् । यिनै आलम्वन विभाव र उद्दीपन विभावले बीभत्स रसलाई चरम उत्कर्षमा पुर्‍याएर पाठक/श्रोता/दर्शक/भावकलाई साधारणीकरण गराएका छन् । अनुभावका रूपमा सबै अङ्ग खुम्च्याउनु, नाक, मुख अर्कापट्टि फर्काउनु, थुकथुकी गर्नु, थुक्नु, शरीर कमाएर जुरुक्क गर्नु, मूर्छा पर्नु, आँखा चिम्लिनु, थुक्नु, मुख बङ्ग्याउनु, नाक थुन्नु, नमाभेको घिन लाग्ने दाँत, नाकमा कटकटिएको सिँगान देख्दा वाक्क-वाक्क आउनु, आदि पर्दछन् । सञ्चारी वा व्यभिचारी भावका रूपमा मूर्च्छा, आवेग, व्याधि, जडता, ग्लानि, निर्वेद आदि पर्दछन् । प्रस्तुत कथामा थाहा नपाउनु, बेहोस हुनु, रन्थनिनु, लत्रिनु, थाक्नु लगायतका तत्त्वहरू सञ्चारी/व्यभिचारी भावका रूपमा आएका छन् ।

**बीभत्स रसका आधारमा पहेँलो गुलाफ कथाको विश्लेषण**

घृणा तथा जुगुप्सा स्थायी भावका हुने बीभत्स रसमा विभावादि अनुकार्यका रूपमा घृणा जगाउने सडेगलेको मासु, रगतको पोखरी जस्ता वस्तु आलम्वन विभावका रूपमा आउछन् । यसका उद्दीपन विभावका रूपमा सडेको मासुमा कीरा पर्नु, रगतको पोखरीजन्य अवस्थाका दृश्य वा वस्तुजन्य तत्त्व रहने अवस्थालाई पूर्वीय दर्शनमा बीभत्स रस मानिएको छ । आधुनिक यौन मनो वैज्ञानिक तथा नारी यौन विसङ्गतिलाई सूक्ष्म ढङ्गले केलाएर प्रतिकात्मक कथाका रूपमा प्रस्तुत गर्न कथाकार प्रेमा शाहद्वारा लिखित 'पहेँलो गुलाफ' कथामा अवस्थित बीभत्स रसको पहिचान गर्नु प्रस्तुत अध्ययनको शीर्ष विषय रहेको छ । यस कथामा क्षय रोगले ग्रस्त श्रीमतीप्रतिको लोग्नेको निरन्तर यौनिक प्यासले निम्त्याएको अवस्थालाई कथाकार शाहले 'पहेँलो गुलाफ' कथामार्फत् प्रस्तुत गरेकी छन् ।

आठ महिनादेखि क्षयरोगका कारण अस्पतालको बेडमा रहेको र दुई महिनादेखि केही लेख्न नसकेको र डायरीका रित्ता पृष्ठहरू उति मनभित्रको खालीपन उतिउति बढ्दै गएको अनुभूति कथाकारले गरेकी छन् । उक्त भाव कथाको सुरुको वाक्यबाट नै स्पष्टसँग देख्न सकिन्छ : दुई महिनादेखि मैले केही लेख्न सकेकी छैन । डायरीका यी रित्ता पृष्ठहरू जति पल्टाउँछु उति मभित्रको खाली झन्-झन् बढ्दै गएजस्तो लाग्छ । कस्तो खाली हो म आफैँ जान्न सक्दिनँ (पृ.३) । उपर्युक्त कथांशमा प्रस्तुत भावले मानिसमा ऊर्जा भएन अर्थात् मानव शारीरिक तथा मानसिक रूपमा स्वस्थ्य भएन भने उसमा खालीपनले डेरा जमाउँदै जान्छ । जसको परिणाम जसरी डायरीमा केही लेखिएन भने त्यो पल्टाएर हेर्दा खाली सिबाय केही हुँदैन केवल रित्तो हुन्छ । त्यस्तै मानिसमा नैराश्यता वृद्धि हुने क्रमले प्राथमिकता पायो भने रिक्तता सिवाय केही पाउँदैन । रिक्तता घट्नु सट्टा वृद्धि भएर जान्छ । जसको परिणाम सकारात्मक नआएर नकारात्मक आउने गर्छ । त्यसका लागि पनि मानिस सक्रिय हुन वा चलायमान रहन आवश्यक हुन्छ । यसर्थ मानिसले खालीपन वा रिक्तता पूर्ण गर्नका लागि परिस्थितिसँग मुकाविला गर्नैपर्छ यदि नैराश्यताको हाबी भयो भने मानिसले कुनै प्रगति गर्न सक्दैन । उसका जीवनका पानाहरू जति पल्टायो उति खाली-खाली मात्रै भेटिन्छन् भन्ने भाव उपर्युक्त कथांशमार्फत् पाउन सकिन्छ ।

प्रस्तुत कथामा कथाकारले क्षयरोगले ग्रस्त श्रीमतीप्रतिको नियमित यौनिक क्रियाकलापले निम्त्याएको पीडादायक अवस्था तथा नारी यौन विसङ्गतिका कारण ग्रस्त मानसिकताले निम्त्याएको नैराश्यताजन्य व्यवहार कथामा प्रस्टसँग उजागर भएको छ । क्षय रोगका कारण आफू दुब्लाउदै गएको । थुकसित कहिलेकाहीँ आँखै तिरमिराउने कालो रगत गएकाले 'म' पात्रमा बेचैनी बढेको छ : म ज्यादै दुब्लाइसकेँ, थुकसित कहिलेकाहीँ रगत मिसिएर आउँछ- राति आँखै तिरमिराउने कालो रगत । मलाई टीबी भएको रहेछ । हुन त कहिलेदेखि भएको हो, तर थाहा पाएको भने आठ महिना भइसक्यो, तबदेखि यही स्यानेटोरियममा छु (पृ.३) । प्रस्तुत कथांशमा क्षयरोग लागेर स्यानिटोरियममा भर्ना गरिएकी 'म' पात्रको दयनीय अवस्था अभिव्यक्त भएको देखिन्छ । 'म' पात्र आफू दुब्लाउदै गएकोमा सान्है चिन्तित अवस्थामा देखिएकी छन् । थुकसँग कहिलेकाहीँ मिसिएर आउने रगत तथा आँखै तिरमिराउने कालो रगत आदिले जुगुप्सा तथा घृणा भाव जागृत भएको छ । जसका कारण प्रस्तुत कथांशमा बीभत्स रसको प्रयोग भएको देख्न सकिन्छ । प्रस्तुत कथांशमा बीभत्स रसका विभाव तत्त्वको प्रयोग भएका हुनाले बीभत्स रसलाई विकसित अवस्थामा पुर्‍याउन सहयोग गरेका छन् ।

'म' पात्रले आफूलाई केही नभएको र आफू छिट्टै निको हुने कुरामा आफूले आफैँलाई विश्वस्त तुल्याउँदै गर्दा आफैँ आश्चर्य पर्छिन् । श्रीमान्ले आफूलाई क्षयरोग लागेको कुरा किन लुकाउन खोज्नु हुन्छ । अब किन छकाउनु पऱ्यो मलाई सबैकुरा थाहा भइसकेको छ भन्ने खालका तर्कनाहरू गर्दागर्दै श्रीमान्ले लुकाए पनि आफू जानकार रहेको भाव व्यक्त गर्दै आफूलाई क्षयरोग जस्तो घातक रोग लाग्दा पनि निरन्तर कमजोरीको फाइँदा उठाइ रहेको भाव 'म' पात्रबाट अभिव्यक्त भएको पाइन्छ -

> यो थुकसित लतपतिएको रगत, यो कुहिएको फोक्सो सबै मेरा आफ्नै कमजोरीका उपलब्धि त हुन् ।...हिजै पनि उहाँले कस्तो काम गर्नु भयो,... उहाँ मेरो अगाडि हुनुहुन्थ्यो । बस्दाबस्दै मलाई एकतमासको खोकीले च्याप्यो । मुटु थर्केर बाहिर निस्कलाजस्तो भएको थियो मेरो ।...खोक्दखोक्दै रगतको सानो ढिक्को र ऱ्याल थाप्नुभएछ (पृ.३-४) ।

माथिको कथांशमा 'म' पात्रले क्षयरोगको बारेमा बयान गर्दा थुकसित लतपतिएको रगत र कुहिएको फोक्सो सङ्केतले जुगुप्सा तथा घृणा भाव जागृत भएको छ। हिजै पनि उहाँले कस्तो काम गर्नुभयो, उहाँ मेरो अगाडि हुनुहुन्थ्यो। बस्दास्दै मलाई एकतमासको खोकीले च्याप्यो । मुटु थर्केर बाहिर निस्कलाजस्तो भएको थियो मेरो । खोक्दखोक्दै रगतको सानो ढिक्को र ऱ्याल थाप्नुभएछ भन्ने 'म' पात्रको भावमा जुगुप्सा तथा घृणा भाव जागृत भएको छ । थुक, ऱ्याल, रगत घृणाजनक बिम्बका रूपमा ग्रहण गरेर कथात्मक जुगुप्सा तथा घृणा भावलाई परिपुष्ट पार्ने काम भएको छ। कथाकार शाहले भावानुकूल शब्द चयन गरेर कथात्मक गुण समेत सन्धान गरेकी छन् ।

'पहेँलो गुलाफ' कथामा 'म' पात्र श्रीमान्ले गरेको यौनिक क्रियाकलापको प्रतिकार गरेर उठ्न सक्दिनन् । उनी श्रीमान्कै खेलौना जस्ती भएकी छन् । जस्तो अवस्थामा पनि सर्वस्व सुम्पेर जिउँदो लास जस्तै बेडमा पल्टिएकी छन् । श्रीमान्कै वरिपरि छन् -अघि दिउँसो उहाँको कोटको खल्तीमा हात पर्दा त्यही रुमाल निस्क्यो- फोहोरले कटकटिएको ।...ओह ! कसरी फोहोरमा कक्रिएका ! मेरो फोक्सोका कीराहरू सबै उहाँको कोटभरि सलबलाइरहेका होलान् । छिः, धोएर पनि के गर्नु त्यो रोगी रुमाल (पृ.४) ! प्रस्तुत कथांशमा 'म' पात्रको दैनन्दिन हेर्दा क्षयरोगले ग्रस्त अवस्थामा पनि श्रीमान्को व्यवहारसँग पोख्त भइसकेकी छन् । उनको फोहोरले कटकटिएको रुमाल बीभत्स रसको आलम्वन विभावका रूपमा आएको छ भने फोक्सोका कीराहरू कोटभरि सलबलाइरहेका होलान् भन्ने भाव बीभत्स रसको उद्दीपन विभावका रूपमा आएको छ। त्यसैले बीभत्स रसका आलम्वन विभाव र उद्दीपन विभावले जुगुप्सा वा घृणा भाव जागृत गराइ बीभत्स रसलाई विकसित अवस्थामा पुऱ्याएको प्रसङ्ग प्रस्ट हुन्छ।

'पहेँलो गुलाफ' कथामा बीभत्स रस प्रशस्त देखिन्छ। भुसिलकीरो फूलमा टाँसिएको उपमाद्वारा यौनिक चाहनामा रमाउने पुरुष प्रवृत्ति नारी इच्छा विपरीत रहेको देखिन्छ। नारी भावना बुझ्न नसक्ने 'म' पात्रका श्रीमान् 'म' पात्रको यौन आकर्षण र इच्छा विपरित नै हरेकपटक आशक्त भएको भाव प्रकट भएको छ। जसमा 'म' पात्रले आफ्नो संवेदनाको अभिव्यक्ति यसरी व्यक्त गरेकी छन् -

> अस्तिदेखि मेरो छाती दुख्न थालेको छ। पहिले त अलि-अलि मात्रै दुखेको थियो, मैले वास्ता पनि गरिनँ । हिजोदेखि त दुखेको झन्-झन् बढ्न थाल्यो । मैले उहाँलाई हिजो पनि कति पन्छाएँ, बोलिनँ पनि । म नबोलेर हुन्छ र ! उहाँ त आफ्नै धुनमा बौलाहजत्तिकै फतफताइरहनुभयो, सनकी जस्तै हलल्ल हाँसिरहनुभयो उफ् ! आजित पारिसक्यो यो भुसिलकीराले मलाई ! हेर न, फूलसितै कसरी लपक्क टाँसिएको । अब त घिन लाग्छ ती सबदेखि मलाई, थाहा छ, अब म निको हुन्नँ, हुँदै हुन्नँ । अहिले फेरि अघिको भन्दा बढ्ता रगत आयो । उहाँ अहिले आउनुहुन्छ, ठट्टैठट्टामा एक्लै डल्लो पारी मलाई बेसरी, निचोरेर जानुहुन्छ। रगत झन् चुहिन्छ (पृ.९-१०) ।

घृणा भाव स्वार्थका निम्ति नभएर भावनाले निर्माण गरेको जीवनपद्धति, समाज, राष्ट्र र समग्र प्राणी जगत्का लागि हो। पूर्वीय दर्शन सहअस्तित्व र सहभावमा विश्वार गर्दछ । अतः कथाकार शाहले 'पहेँलो गुलाफ' कथामार्फत् सहअस्तित्व र सहभाववादी भाव अभिव्यक्त गरेकी छन् । फूलको सौन्दर्य स्वतन्त्र फूल्नुमा देखिन्छ । त्यसैले पितृसत्ताले गरेको शासनकारी व्यवहारको घृणा भाव प्रस्तुत कथामा कथाकारले 'म' पात्रमार्फत् अभिव्यक्त गरेकी छन्। भुसिलकीरो फूलमा टाँसिएको उपमाद्वारा नारी भावना बुझ्न नसक्ने नारीको इच्छा विपरित तथा बिरामी भएर थला परेकी नारीमाथि निरन्तर यौनिक क्रियाकलाप गर्ने 'म' पात्रका श्रीमान् जसले 'म' पात्रको यौन आकर्षण र इच्छा विपरित नै हरेकपटक आशक्त भएको भावले त्यस्ता घटिया पुरुषहरूप्रति नै घृणा भाव प्रकट भएको छ।

निरन्तर श्रीमान्को यौनिक प्यास मेटाउदा आजित भएकी 'म' पात्र आफूलाई टीबी रोग लाग्दा समेत दुखी भएकी छैनन् । खुसी भएकी छन् तर के गर्नु बिरामी भएर बेडमा पर्दासम्म उनको श्रीमान्को हर्कत देखेपछि श्रीमान्प्रति घृणा भाव तीव्र रूपमा विकास भएको छ -

> टीबी भएर मलाई दुःख लागेन, बरु खुसी लाग्यो । मैले सोचेकी थिएँ, कमसेकम यो यातनाबाट छुटकारा त पाइयो । त्यसै दिन ईश्वरको नाउँमा एउटा धूप सल्काएँ । मेरो मन ढुक्क भयो । एउटा दुःखमा अर्को दुःखलाई बिर्सने प्रयत्न गरेँ, तर

यहाँ आएर मलाई उत्तिकै कष्ट खप्नुपरेको छ। दुईमहिना थला परेको बेलाबाहेक छ महिना मैले नरकको कीराभैँ उहाँको थुकसित लटपटिएर काटेकी छु (पृ.७-८) ।

'म' पात्रले आफूलाई टीबी रोग लागेको थाहा पाएपछि आफू दुःखी नभएको र खुसी भएको भाव व्यक्त गरेकी छन् तर के गर्नु टीबी रोगले ग्रस्त भएर थला परेको बेला दुईमहिनाभन्दा बाहेकका दिनमा श्रीमान्‌ले उनलाई यौन हिंसा गर्न नछोडेकोमा उनलाई श्रीमान्‌प्रति पूर्णरूपमा घृणा भाव जागृत भएको छ। उनी दुई महिना थला पर्दा बाहेक छ महिना नरकको जीवन व्यतीत गर्न परेको तीतो यथार्थ प्रकट गरेकी छन् । दुईमहिना थला परेको बेलाबाहेक छ महिना मैले नरकको कीराभैँ उहाँको थुकसित लटपटिएर काटेकी छु। उक्त भनाइले 'म' पात्रको श्रीमान्‌प्रति जुगुप्सा वा घृणा भाव जागृत भएको छ। बिरामी परेको बेलामा समेत यौन प्यासले आशक्त पुरुष चरित्रप्रति घृणा वा जुगुप्सा भाव जागृत भएको भाव कथाकारमार्फत् अभिव्यक्त भएको देखिन्छ।

बीभत्स रसानुकूल जुगुप्सा वा घृणाका सञ्चारी भावहरूका रूपमा मूर्च्छा, आवेग, व्याधि, जडता, ग्लानि, निर्वेद आदिको यथोचित समायोजन गरिएको छ। जस्तोसुकै खुसीको क्षणमा पनि इच्छाविपरीत कार्यले मानिसमा घृणा भाव सिर्जना गर्नु कुनै नयाँ कुरा होइन तर 'पहेँलो गुलाफ' कथामा भने 'म' पात्र बिरामी भएरको अवस्थामा पनि श्रीमान्‌ले गरेको यौनजन्य क्रियाकलापले 'म' पात्रमा घृणा भाव जागृत हुनु स्वभाविकै देखिन्छ । 'मैले थाहा पाइनँ, म बेहोस भइछु । टीबी भएको सुनेर दुःख लागेन खुसी लाग्यो ।...एउटा धूँप सल्काएँ ।...छ महिला मैले नरकको कीराभैँ उहाँको थुकमा लटपटिएर काटेकी छु ।' भन्दै 'म' पात्रले आफू श्रीमान्‌को व्यवहारले होसमा नभएको र बेहोस भएको दुई घण्टापछि मात्रै होस आएको बताएकी छन्। 'म' पात्र आफू बिरामी हुँदा पनि खुसी व्यक्त गरेकी छन् । भगवान्‌लाई धूप सल्काएकी छन् । यसरी बिरामी हुँदा पनि छ महिनादेखि नरकको कीराले जस्तो श्रीमान्‌को थुकमा लटपटिएर जीवन व्यतित गर्न परेको कुराले उनले श्रीमान्‌को दैनन्दिनको यौन व्यवहारप्रति घृणा भाव प्रकट गरेकी छन्।

**निष्कर्ष**

प्रस्तुत आवधिक पत्रमा प्रेमा शाहको 'पहेँलो गुलाफ' कथामा अभिव्यक्त बीभत्स रसको विश्लेषण र मूल्याङ्कन गर्नु गरिएको छ। मन नपर्ने वस्तुहरूलाई देखेर उत्पन्न हुने रस बीभत्स रस हो। यसमा शरीरका अङ्ग (नाक, मुख) खुम्च्याउनु, नाक थुन्नु, लरखराएका पाउ उठाउनु तथा टक्टक्याउनु जस्ता अनुभावबाट गरिने अभिनयको महत्त्वपूर्ण भूमिका रहने रसलाई बीभत्स रसका लिइएको छ। रुचि नभएको वस्तु देख्दा उत्पन्न हुने भावलाई यसको विभावका रूपमा लिइएको छ। लैङ्गिक शोषणप्रतिको प्रतिरोधी चेतना र यौन मनोविज्ञानलाई आधार बनाएर कथाकारले सिर्जना गरेको कथामा बिरामी भएको बेलामा पनि 'म' पात्रको श्रीमान्‌ले गरेको निरन्तर यौनिक क्रियाकलापले जुगुप्सा तथा घृणा भाव उत्पन्न गरेको छ। बिरामी परेर अस्पतालमा भर्ना भएकी 'म' पात्र र भुसिलकीराले सताएको पहेँलो गसलाफको अवस्थालाई तुलना गरी प्रस्तुत कथाको सिर्जना भएको देखिन्छ। रोगी 'म' पात्रले भुसिलकीराले सताएको गुलाफलाई आफू जस्तै रोगी भएको हुनाले गुफाल पनि पहेँलो फुलेको भाव अभिव्यक्त गरेकी छन् । पहेँलो गुलाफ र आफ्नो संवेदना पहेँलै भएको, दुवैको उस्तै संवेदना भएको भाव 'म' पात्रको रहेको छ । फूलको सौन्दर्य स्वतन्त्र फूल्नुमा देखिन्छ। त्यसैले पितृसत्ताले गरेको शासनकारी व्यवहारको घृणा भाव प्रस्तुत कथामा कथाकारले 'म' पात्रमार्फत् अभिव्यक्त गरेकी छन् । भुसिलकीरो फूलमा टाँसिएको उपमाद्वारा नारी भावना बुझ्न नसक्ने नारीको इच्छा विपरीत तथा बिरामी भएर थला परेकी नारीमाथि निरन्तर यौनिक क्रियाकलाप गर्ने 'म' पात्रका श्रीमान् जसले 'म' पात्रको यौन आकर्षण र इच्छाविपरीत नै हरेकपटक आशक्त भएको भावले त्यस्ता घटिया पुरुषहरूप्रति नै घृणा भाव प्रकट भएको छ। जसका कारण नारीको भूमिका गौण रहेको देखिन्छ। बीभत्स रस वा घृणा तथा जुगुप्सा स्थायी भावका रूपमा रहने बीभत्स रसमा विभावादि अनुकार्यका रूपमा घृणा जगाउने सडेगलेको मासु, रगतको पोखरी जस्ता वस्तु आलम्वन विभावका रूपमा आउछन्। यसका उद्दीपन विभावका रूपमा सडेको मासुमा कीरा पर्नु, रगतको पोखरीजन्य अवस्थाका दृश्य वा वस्तु हुन्छ। प्रस्तुत कथामा थुकसित लतपतिएको रगत, कुहिएको फोक्सो, थुक र र्‍याल, फोहोरले कटकटिएको रुमाल जस्ता तत्त्व आलम्वन विभाव हुन भने फोक्सोका कीराहरू कोटभरि सल्बलाउनु, ओठबाट रगत र कीराहरू निस्किनु जस्ता तत्त्वहरू उद्दीपन विभावका रूपमा आएका छन्। यिनै आलम्वन विभाव र उद्दीपन विभावले बीभत्स रसलाई चरम उत्कर्षमा पुर्‍याएर पाठक/श्रोता/दर्शक/भावकलाई साधारणीकरण गराएका छन् । अनुभावका रूपमा सबै अङ्ग खुम्च्याउनु, नाक, मुख अर्कापट्टि फर्काउनु, थुकथुकी गर्नु, थुक्नु, शरीर कमाएर जुरुक्क गर्नु, मूर्छा पर्नु, आँखा चिम्लिनु, थुक्नु, मुख बङ्ग्याउनु, नाक थुन्नु, नमाभेकेको घिन लाग्ने दाँत, नाकमा कटकटिएको सिँगान देख्दा वाक्क-वाक्क आउनु, आदि पर्दछन्। सञ्चारी वा व्यभिचारी भावका रूपमा मूर्च्छा, आवेग, व्याधि, जडता, ग्लानि, निर्वेद आदि पर्दछन्। प्रस्तुत कथामा थाहा नपाउनु, बेहोस हुनु, रन्थनिनु, लत्रिनु, थाक्नु लगायतका तत्त्वहरू सञ्चारी/व्यभिचारी भावका रूपमा यस कथाको

व्याख्या तथा विश्लेषण गरिएको छ। कथाकारले भुसिलकीरो फूलमा टाँसिएको उपमाद्वारा नारी भावना बुझ्न नसक्ने नारीको इच्छा विपरित तथा बिरामी पर्दा पनि निरन्तर यौनिक क्रियाकलाप गर्ने 'म' पात्रका श्रीमान् जसले 'म' पात्रको यौन आकर्षण र इच्छा विपरीत नै हरेकपटक आशक्त भएको पुरुष भावलाई 'पहेँलो गुलाफ' कथामा कलात्मक तरिकाले अभिव्यक्त गरेकी छन्। प्रस्तुत अध्ययन 'पहेँलो गुलाफ' कथामा बीभत्स रस मूल केन्द्रित समस्याको समाधानका लागि 'पहेँलो गुलाफ' कथामा बीभत्स रसको पहिचान तथा विश्लेषण गरी यसको निष्कर्ष निकालिएको छ।

**सन्दर्भ सामग्रीसूची**


एटम, नेत्र (सन् २०२२), 'पहेँलो गुलाफ कथामा नारी शरीर राजनीति', वाङ्मय, भोल्युम १८, पृ.५१-६० ।

गड्तौला, नारायणप्रसाद (२०७१), *रस र ध्वनि सिद्धान्त,* काठमाडौँ : प्रगति पुस्तक प्रकाशन प्रा. लि. ।

तिमिल्सिना, योगेन्द्र (२०८१), 'पहेँलो गुलाफ'मा यौन मनोविज्ञान', साहित्य पोस्ट।

दीक्षित, आनन्द प्रकाश (सन् १९९७), *रसचिंतन के विविध आयाम,* नई दिल्ली : राधाकृष्ण प्रकाशक प्राइवेट लिमिटेड २/३८, अंसारी मार्ग, दरियागंज।

पौडेल, विष्णुप्रसाद (२०५७),*संस्कृत काव्यशास्त्र,* काठमाडौँ : भुँडीपुराण, बागबजार।

बाङ्देल, लैनसिंह (२०३१) (सं.प.), *पूर्वीय काव्यसिद्धान्त,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

भट्टराई, गोविन्दप्रसाद (२०७७) (सं.दो.),*पूर्वीय काव्यसिद्धान्त,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

भट्टराय, चूडानाथ (२०३१) (प.सं), *पूर्वीय काव्यसिद्धान्त,* काठमाडौँ : नेपाल प्रज्ञा-प्रतिष्ठान।

भरत, (सन् १९८४),नाट्यशास्त्र, वाराणसी : सम्पूर्णनन्द संस्कृत विश्वविद्यालय।

शाह, प्रेमा (२०७७, पुनर्मुद्रण), *पहेँलो गुलाफ,* काठमाडौँ : रत्न पुस्तक भण्डार।